जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १५२ २०७९ साल पुस ३० गते शनिबार (14 Jan. 2023 Saturday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : मूल्यवृद्धि साढे सात प्रतिशत.. ३ पृष्ठमा : बच्चालाई अमृतसरह... ३ पृष्ठमा : अमेरिकाद्वारा काबुल आतङ्कवादी...

## विपन्न असहाय ज्येष्ठ नागरिकलाई सिरक बितरण




**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

चिसोले जनजीवन कष्टकर बन्दै गएको बेला राजविराजस्थित एक गैरसरकारी संस्थाले विपन्न तथा असहाय ज्येष्ठ नागरिकहरुलाई सिरक वितरण गरेको छ ।

सामाजिक क्षेत्रमा क्रियाशील सामुदायिक महिला विकास केन्द्र (स्वेडेक) नामक संस्थाले शुक्रवार राजविराज नगरपालिका वडा नं. ६ सदा वस्तीका ४० जना विपन्न तथा असहाय ज्येष्ठ नागरिकलाई सिरक वितरण गरेको हो ।

जिल्ला निर्वाचन कार्यालयबाट उक्त वडाको मतदाता सूची झिकाएर स्थलगत जानकारी समेत लिई गरीब तथा असहाय ज्येष्ठ नागरिकलाई प्राथमिक्ताका साथ सिरक वितरण गरिएको संस्थाकी अध्यक्ष मिरा देवले बताइन ।

अत्याधिक चिसोले सर्वाधिक मारमा परेका विपन्न वर्गको सहज जीवनयापनमा थोरै भएपनि सहयोग पुर्याउने उद्देश्यले सिरक वितरण कार्यक्रम थालिएको र यसलाई केही दिन अझ निरन्तरता दिने उनले बताइन ।

कार्यक्रमका प्रमुख अतिथि राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख ईसरत परविनले विपन्न, असहाय, ज्येष्ठ नागरिकहरुलाई संस्थाको तर्फबाट सिरक वितरण गरेकी थिइन ।

स्वेडेकका अध्यक्ष मिरा देव तथा निवर्तमान अध्यक्ष समेत रहेका उनका श्रीमान ई. इन्द्र नारायण देवले आफ्नो निजि लगानीमा चार दिन अघि पनि राजविराज १६ का ५० जना ज्येष्ठ नागरिकलाई सिरक बितरण थिए ।

कार्यक्रममा पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण देव, उपाध्यक्ष अम्बिका दाहाल, इन्सेक प्रतिनिधि मनोहर पोखरेलले लगायतको उपस्थिति रहेको थियो ।

## डाका मुद्दाका फरार प्रतिवादी १३ वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

डाका मुद्दाका एक फरार प्रतिवादीलाई सप्तरी प्रहरीले १३ वर्षपछि पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ६ का ३८ वर्षिय संजय भन्ने संजिव कुमार चौधरी छन् ।

बि.स.२०६६ साल भदौं १५ गते सोही नगरपालिकाका गोसाई चौधरीको घरमा घरेलु हतियार देखाई संजिवसहितको एक समूहले सुन चाँदीका गरगहना र नगद समेत गरि लाखौंको सम्पत्ति लुटेर लगेका थिए ।

प्रहरीले चौधरीमाथी डाका मुद्दा अन्तरगत कारवाही प्रक्रिया चलाएपछि सप्तरी जिल्ला अदालतले २०७१ साल असार १७ गते ३ वर्ष कैद सजाय हुने फैसला गरेको थियो । उक्त घटनामा संलग्न रहेका अन्यको खोजी कार्य जारि रहेको प्रहरीको भनाई छ ।

घटनापछि फरार रहेका संजिवलाई अघिल्लो दिन राती पक्राउ गरि शुक्रबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराइ अदालतको आदेश अनुसार



उनलाई कैद सजाय भुक्तानका लागि शुक्रबारै राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मधेस प्रदेशका मुख्यमन्त्रीसहित चार मन्त्रीले लिए शपथ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ पुस ।**

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका छन् ।

मधेस भवनस्थित प्रदेश प्रमुखको कार्यालय प्राङ्गणमा आयोजित समारोहमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रसमक्ष उनले पथ तथा गोपनीयताको सपथ लिएका हुन् ।

यसैगरि शुक्रबारै मुख्यमन्त्री यादवको सिफारिस नियुक्त तीन जना बिना विभागीयमन्त्रीले पनि पद तथा गोपनीयताको शपथ लिएका छन् ।

नवनियुक्त तीन मन्त्रीहरू नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादव, जनता समाजवादी पार्टी (जसपा) का सञ्जय यादव र जनमत पार्टीका वसन्तप्रसाद कुशवाहाले प्रदेश प्रमुख मिश्रसमक्ष पद तथा गोपनीयताको शपथ लिएका हुन् ।

सत्ता गठबन्धन दल र दुई सांसदसहित ६३ जनाको समर्थनमा बुधबार मुख्यमन्त्रीमा नियुक्त भएका यादवलाई लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले पनि समर्थन गर्ने तयारी गरेको छ । नौ सांसद रहेको लोसपाले समर्थन

*बाँकी अन्तिम पृष्ठमा*


**हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय**







**यहि मिति २०७९ साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरूलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ ।**

**स्थान :**
श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण
राजविराज नगरपालिका-७

**समय :**
२०७९/१०/०१ गते आइतबार ११:०० देखि ०४:०० बजेसम्म



**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**
राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

### सबैको सहयोग आवश्यक

विगत केही दिनदेखि तराई मधेशका जिल्लामा विहान साँझ बाक्लो कुहिरो लाग्ने कारणले अत्याधिक चिसो बढेको छ । चिसो र सितलहरका कारण तापक्रम घट्दै गएको छ । हरेक वर्ष आउने यस्तो प्राकृतिक विपत्तिबाट जनजीवन प्रभावित हुँदै आएको छ ।

तराई मधेशमा हरेक वर्ष शीतलहरका कारण दर्जनौं व्यक्तिको मृत्यु हुने गरेको छ । यसरी मृत्यु हुनेहरुमा गरीब वृद्धवृद्धा र जीर्ण रोगीहरु रहेका अस्पताल श्रोतको कथन छ । यस्तो अकाल मृत्युबाट जोगाउन सबैको सार्थक पहल र विपद पूर्वको तयारी एवं सोको कार्यान्वयन आवश्यक रहेको छ । यो मौसममा बालबालिकाहरु समेत कोल्ड डायरिया, निमोनिया जस्ता रोगबाट प्रभावित हुने गरेका छन् ।

चिसोबाट हुने मृत्युको संख्या र प्रभावित हुनेहरुको संख्या रोक्न आवश्क र इमान्दार प्रयासको आवश्यकता महसुस गरिएको छ । यस्ता प्रयासहरु सरकारी तथा गैरसरकारी स्तरबाट नभएका पनि होईनन् । तथापि यस क्षेत्रमा जति काम हुनुपर्ने हो त्यति भइ नसकेको अवस्था छ । घरविहिन, सुकुम्वासीहरु र गरीबहरुलाई लक्षित गरेर विपद्पूर्व तयारीको रुपमा कार्ययोजना अनुसार प्रयास र पहलको थप खाँचोलाई परिपूर्ति गर्न सबैको सहयोग आवश्यक छ ।

# मूल्यवृद्धि साढे सात प्रतिशत नजिक

काठमाडौं, २९ पुस (रासस) ।

चालु आर्थिक वर्षको पाँच महिनामा उपभोक्ता मुद्रास्फीति करिब साढे सात प्रतिशत पुगेको छ ।

नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्मको अवधिमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति सात दशमलव ३८ प्रतिशत छ । गत आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव ११ प्रतिशत बराबर थियो ।

राष्ट्र बैंकका अनुसार मङ्सिर महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ८५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति आठ दशमलव ५९ प्रतिशत रहेको छ ।

यही अवधिमा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत रेष्टुरा तथा होटल उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क १५ दशमलव ५६ प्रतिशत, सुर्तीजन्य पदार्थको ११ दशमलव ८१ प्रतिशत, खाद्य तथा खाद्यजन्य पदार्थको नौ दशमलव ३९ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको नौ दशमलव शून्य ७ प्रतिशत र पेय पदार्थको आठ दशमलव ८४ प्रतिशतले बढेको छ ।

मङ्सिर मसान्तसम्ममा गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उपसमूहको मूल्य सूचकाङ्क १७ दशमलव ३३ प्रतिशत, स्वास्थ्यको ११ दशमलव २२ प्रतिशत र मनोरञ्जन तथा संस्कृतिको आठ दशमलव ७६ प्रतिशतले बढेको छ ।

त्यस्तै घरायसी उपयोगका वस्तुहरूको आठ दशमलव २९ प्रतिशत र फर्निसिङ तथा घरायसी उपकरणहरूको मूल्य आठ दशमलव २९ प्रतिशतले बढेको छ । राष्ट्र बैंकको विवरणअनुसार यही अवधिमा उपत्यकामा छ दशमलव ५६ प्रतिशत, तराईमा आठ प्रतिशत, पहाडमा सात दशमलव ३२ प्रतिशत र हिमालमा छ दशमलव ४८ प्रतिशत मुद्रास्फीति रहेको छ । गत वर्षको मङ्सिर महिनामा यी क्षेत्रहरूमा क्रमशः पाँच दशमलव ९१ प्रतिशत, सात दशमलव ५२ प्रतिशत, छ दशमलव ९५ प्रतिशत र चार दशमलव ९१ प्रतिशत मुद्रास्फीति रहेको थियो ।

गत मङ्सिर महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति नौ दशमलव १५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव २२ प्रतिशत रहेको थियो ।

# 'स्मार्ट' चालक अनुमतिपत्रका लागि कार्ड खरिद गरिँदै

काठमाडौं, २९ पुस (रासस) ।

यातायात व्यवस्था विभागले 'स्मार्ट' चालक अनुमतिपत्र छपाइका लागि आवश्यक कार्ड खरिदको प्रक्रिया अघि बढाएको छ ।

कार्ड खरिदका लागि सूचना निकालिएको र अबका केही महिनामा आइपुग्ने विभागले जनाएको छ । सबै प्रक्रिया पूरा गरेर ल्याउन चार/पाँच महिना लाग्नसक्ने विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरुले बताउनुभयो । उहाँका अनुसार नयाँ कार्ड खरिद भएर आउँदासम्मका लागि आवश्यकपर्ने सङ्ख्यामा भने विभागसँग कार्ड बाँकी रहेको छ । उहाँले भन्नुभयो, "तत्काल छाप्नलाई अभाव छैन र यो सकिँदासम्म अर्को आइपुग्छ भन्नेछ ।"

अहिले अघि बढाइएको खरिद प्रक्रियाबाट १२ देखि १५ लाख कार्ड खरिद हुन लागेको विभागले जनाएको छ । अझै बढी खरिदका लागि थप रकमको पहल भइरहेको सूचना अधिकारी पनेरुले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले उपलब्ध बजेट जतिको कार्ड खरिद गर्न आह्वान भएको छ, अझै थपिएमा बढी कार्ड किन्न सकिन्छ ।"

हालसम्म चालक अनुमतिपत्र छपाइका लागि एउटा मात्रै 'मास प्रिन्टर' रहेकामा अर्को एउटा खरिदका लागि विभागले प्रक्रिया अघि बढाइसकेको छ । दुई 'मास प्रिन्टर' ले छाप्दा अहिलेभन्दा दोब्बर छापिने र अहिलेको कार्डले नपुग्नसक्ने उहाँले बताउनुभयो । अहिले झण्डै सात लाख अनुमतिपत्र छाप्न बाँकी रहेकामा विभागले दुई उपकरणमार्फत त्यो छापिएर सक्ने गरी योजना बनाएको छ ।

विभागले कार्ड खरिदका लागि सूचना भर्खर प्रकाशित गरेको छ । वर्षभरलाई पुग्ने अनुमान गरिएको भए पनि नवीकरण, नयाँ, प्रतिलिपि सबैका लागि चाहिने हुँदा अझै बढी चाहिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बढी हुँदा खेर जाँदैन, तर नेपालको खरिद प्रक्रिया लामो हुनेहुँदा किन्दा धेरै गर्नसके हुन्थ्यो भन्ने छ ।"

विगत वर्षहरूमा उपकरणको क्षमता कमीले मात्रै होइन कार्डको अभावका कारण समेत अनुमतिपत्र छपाइ सुस्त रहेको थियो । केही वर्षयता विभिन्न समस्याका कारण सेवाग्राहीले सजिलोरुपमा अनुमतिपत्र पाइरहेका छैनन् ।

# लामिछाने थुनामुक्त

काठमाडौं, २९ पुस (रासस) ।

बलात्कार आरोप लागेका राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने केन्द्रीय कारागार सुन्धाराबाट थुनामुक्त भएका छन् ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय रमेश ढकाल र ध्रुवराज नन्दको इजालसले बिहीबार रू २० लाख धरौटी बुझाएर थुनामुक्त गर्न आदेश दिएको थियो । लामिछाने तीन महिना नौ दिन कारागारमा बसेर थुनामुक्त भएका हुन् ।

लामिछानेका कानुन व्यवसायी सरोजराज घिमिरेका अनुसार लामिछाने थुनामुक्त भएका छन् । जिल्ला अदालत काठमाडौंको थुनछेक आदेशविरुद्ध उच्च अदालत पाटनमा पुनरावलोकनको निवेदन दिइएको थियो । उक्त निवेदनमाथिको सुनुवाइपछि अदालतले धरौटी लिएर थुनामुक्त गर्न आदेश गरेको हो ।

पाटन उच्च अदालतका रजिष्टार ठगिन्द्र कट्टेलका अनुसार लामिछाने काठमाडौं उपत्यका बाहिर जाँदा जिल्ला प्रहरी कार्यालय काठमाडौंको अनुमति लिनुपर्नेछ भने पीडित परिवारलाई कुनै पनि माध्यमबाट सम्पर्क गर्न, डर, त्रास वा धम्की दिन नपाउने गरी थुनामुक्त गरिएको हो ।

गत कात्तिक १६ मा जिल्ला अदालत काठमाडौंमा लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहस सुरु भएको थियो । लामिछानेका कानुन व्यवसायीले किशोरी नाबालिग नरहेको जिकिर गर्दै आएका थिए । लामिछानेमाथि नाबालिग किशोरीलाई बलात्कार गरेको आरोपमा गत कात्तिक १४ मा काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरिएको थियो ।

सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने मागसमेत गरिएको थियो । लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका थिए । लामिछाने गत असोज २० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रक्राउ परेका थिए ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

अनुरोधकर्ता

रुपनी गाउँपालिका, सप्तरी

# बच्चालाई अमृतसरह ‘ह्युमन मिल्क बैंक’

काठमाडौँ, २९ पुस (रासस)।

आफ्नो आमाको दूध नआउने वा कुनै कारणले खुवाउन नमिल्ने अवस्थामा पनि अब नवजात शिशुहरूले अर्को आमाको स्तनपान गर्न पाउने भएका छन् । बच्चालाई अर्को आमाको खुवाउनका लागि अहिले थापाथलीस्थित परोपकार प्रसुति गृह तथा स्त्रीरोग अस्पतालले स्थापना गरेको ‘ह्युमन मिल्क बैंक’ निकै प्रभावकारी देखिएको छ ।

कोषले विगत पाँच महिनादेखि स्तनपान गर्न नसक्ने बच्चालाई अमृतसरह आमाको दूध उपलब्ध गराउँदै आएको छ । गत भदौमा सञ्चालनमा आएको गृहमा रहेको मिल्क बैंकले स्तनपान गर्न नसक्ने, आमाको दूध नआउने बच्चालाई आमाहरूबाट दान गरिएको दूध उपलब्ध गराउँदै आएको छ ।

‘बृहत् स्तनपान व्यवस्थापन केन्द्र’ अर्थात् ‘अमृत कोष’ नाम दिइएको यस बैंकमा दैनिक आमाहरूले दान गरिएको सङ्कलन भएको दूध बच्चालाई उपलब्ध गराउँदै आएको अस्पतालको प्रमुख बालरोग विशेषज्ञ तथा ‘ह्युमन मिल्क बैंक’का इञ्चार्ज डा कल्पना उपाध्याय सुवेदी बताउनुभयो ।

सधन उपचार कक्ष ( आइसियु)मा रहेका आमा, भर्ना भएका आमा, स्तनपान गर्न नसक्ने आमाबाट दूध दान गरिन्छ । “कसैको बच्चाले आमाको दूध खाने हुन्छ, कसैको हुँदैन । भेन्टिलेटरमा भएका बच्चालाई पनि आमाको दूध चुसाउँदैनौँ । त्यस्ता आमाहरूको दूध अमृत कोषमा राख्ने गर्दछौँ”, डा उपाध्यायले भन्नुभयो, “जुन बच्चाले राम्रासँग स्तनपान गर्न सक्दैनन् । त्यस्तो आमाको दूध हामीले यही निकाल्छौँ र जति बच्चालाई चाहिन्छ त्यति दिन्छौँ र बाँकी बैंकमा नै राख्ने गरेका छौँ ।” शल्यक्रिया गरेका आमा पाँच दिन अस्पतालमा बस्ने गर्दछन् । अनि त्यस्ता आमाले पनि दूधदान गर्दछन् ।

बच्चालाई आमाको दूध अमृत बराबर मानिन्छ । भनिन्छ आमो दूध नै बच्चाको पहिलो खोप हो । छ महिनासम्म बच्चालाई आमाको दूध नै खुवाएपछि अरु कुनै पनि कुरा खुवाउन पर्दैन । तर त्यही आमाको दूध केही बच्चाले पाउन सकिरहेका छैनन् ।

अस्पतालका प्रमुख कल्यसन्टचान्ट डा श्रीप्रसाद अधिकारीले बच्चालाई आमाको खुवाउनका लागि नै ‘ह्युमन मिल्क बैंक’ स्थापना गरिएको बताउनुभयो । “नेपालमा आमाको दूध खान नपाएर नवजात शिशुको मृत्युदर एक हजार जनामा २१ जना रहेको छ”, उहाँले भन्नुभयो, “बैंकले बच्चालाई आमाका दूध खान उपलब्ध गराउँदै आएको छ । अब पक्कै पनि नवजात शिशु मृत्युदर घट्नेछ ।”

कतिपय नवजात शिशुलाई आमाको दूध नआएर ल्याक्टोजेन खुवाउन गरिएको थियो । उहाँले बैंक स्थापनासँगै अहिले नवजात शिशुलाई ल्याक्टोजेन खुवाउन नपरेको बताउनुहुन्छ । उहाँले शिशुलाई आमाको दूध खुवाएर अस्पताललाई पूर्ण ल्याक्टोजेन मुक्त गराइएको बताउनुभयो ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ को सर्वेक्षण प्रतिवेदनले नेपालमा हाल ५६ प्रतिशत आमाले मात्रै शिशु जन्मिएको छ महिनासम्म पूर्ण स्तनपान गराउने उल्लेख गरेको छ । सन् २०१६ को सर्वेक्षणले ६६ प्रतिशत आमाले शिशुलाई पूर्ण स्तनपान गराउने गरेको उल्लेख छ ।

समयभन्दा अगाडि जन्मेको बच्चा, गम्भीर बिरामी भएका बच्चा, जन्मिनेबित्तिकै रुन नसक्ने हातखुट्टा नै लल्याकलुलुक भएको बच्चा, आइसियुमा रहेको बच्चा, आमाको दूध राम्रोसँग दूध तान्न नसक्ने बच्चालाई मिल्क बैंकमा जम्मा भएको दूध खुवाउने गरिन्छ ।

**दैनिक दुई हजार ५०० सम्म सङ्कलन**

मिल्क बैंकमा पहिले दैनिक तीन सय ५० मिलिलिटर दूध जम्मा हुने गरेकामा अहिले दैनिक एक हजार ५०० मिलिलिटर जम्मा हुन थालेको अस्पतालले जनाएको छ । दैनिक बढ्दै गएर कहिलेकाहीँ दुई हजार ५०० मिलिलिटरसम्म दूध बैंकमा जम्मा हुने गरेको प्रमुख कल्यसन्टचान्ट डा अधिकारीले बताउनुहुन्छ ।

उहाँका अनुसार एक आमाले एक दिनमा दुई पटकसम्म बैकमा दूध जम्मा गर्ने गर्दछिन् । अस्पतालमा भर्ना भएकी अम्बिका बस्नेतले अहिलेसम्म सबैभन्दा बढी एकै चोटी दिनमा दुईपटक गरी एक सय ७० एमएल र एक सय ८० एमएल दिनुभएको अस्पतालसँग तथ्याङ्क रहेको छ ।

एक बच्चालाई एक दिनमा न्यूनतम् ८० मिलिलिटरदेखि दुई सय ४० मिलिलिटर दूध आवश्यक हुन्छ । दुई/दुई घण्टाका दरले बच्चालाई दूध खुवाइन्छ । बच्चालाई तौलअनुसार दूध खुवाउने गरिन्छ । औसतमा दैनिक सात/आठ जना बच्चाका आमाले दूध मिल्क बैंकमा राख्ने गर्दछन् ।

उहाँका अनुसार अहिले सङ्कलन गरिएको दूध अस्पताल भर्ना भएका समयमा नै नजन्मिएका, अशक्त बच्चा, आमाको दूध नआउने, स्तनपान गर्न नसक्ने शिशुलाई खुवाउने गरेको बताउनुहुन्छ । “हामीले आमाको दूध नआउने र आमाको दूध चुस्न नसक्ने शिशुलाई मात्र दूध उपलब्ध गराउने गरेका छौँ”, उहाँले भन्नुभयो, “अहिले हामीलाई सङ्कलन गरेको दूधले पनि पुग्दैन । सबै शिशुलाई दूध खुवाउनका लागि दैनिक चार हजार मिलिलिटर दूध चाहिन्छ ।” उहाँ कहिलेकाहीँ मात्र बाहिरबाट आमाहरूले दूध दान गर्न आउने गरेको बताउनुहुन्छ ।

**दूधलाई गरिन्छ निर्मलीकरण**

सङ्कलन गरिएको दूध २४ घण्टासम्म सामान्य फ्रिजमा राख्ने गरिन्छ र त्यसपछि दूधलाई निर्मलीकरण गरेर मात्रै शिशुलाई खुवाइने गरिन्छ । निर्मलीकरण गरिसकेपछि दूधलाई छ महिनासम्म खुवाउन मिल्ने डा उपाध्याय बताउनुहुन्छ । निर्मलीकरण गरिएको दूध माइनस २० डिग्री सेल्सियसमा राखिएकाले छ महिनासम्म बिग्रँदैन ।

निर्मलीकरण भनेको दूधमा रहेको पौष्टिक तत्वलाई नबिग्रने गरी अरु किटाणुलाई नष्ट गर्ने प्रक्रिया हो । बैंकमा जम्मा भएको दूधलाई ६२ डिग्री सेल्सियसमा तताइन्छ र उक्त तातेको दूधलाई चार डिग्रिसेल्सिएसमा झारेर निर्मलीकरण गरिन्छ । निर्मलीकरण गरेपछि दूधमा रहेको किटाणु मरेर जान्छ र दूध खानयोग्य हुन्छ ।

निर्मलीकरण गरेपछि दूधमा किटाणु छ कि छैन भनेर परीक्षण गरिन्छ र किटाणु नभए बच्चालाई दूध खान दिइन्छ । उहाँले आफ्नै आमाको दूध बच्चालाई खुवाउने हो भने निर्मलीकरण आवश्यक नभएको बताउनुहुन्छ । अस्पतालले अहिले सङ्कलन गरिएको दूध हप्तामा दुई पटक निर्मलीकरण गर्ने गरेको छ । अस्पतालसँग निर्मलीकरण गर्ने मेसिन रहेको छ ।

**अझै अपुग दूध**

बैंकमा पर्याप्तमात्रामा दूध दान नभएपछि अस्पतालमा भर्ना भएका सबै बच्चालाई दूध उपलब्ध गराउन नसकिएको अस्पतालले जनाएको छ । दैनिक चार हजार मिलिलिटर आवश्यक रहेको बैंकमा अहिले दुई हजार ५०० मिलिलिटर मात्र दूध सङ्कलन हुने गरेको छ ।

अस्पतालका उपनिर्देशक डा उपाध्यायले अस्पतालमा भर्ना भएका शिशु सबैलाई दूध उपलब्ध गराउन नसकेको बताउनुभयो । “सबैलाई दूध उपलब्ध गराउनका लागि दैनिक चार हजार मिलिलिटर दूध चाहिन्छ”, उहाँले भन्नुभयो, “अहिले दूध चुस्न नसक्ने र आमाको दूध नआउने बच्चालाई मात्र दूध दिएका छौँ ।”

**यसरी सङ्कलन गरिन्छ**

बच्चालाई आमाले दूध खुवाएपछि बचेको दूध बैंकमा दान गर्न स्वास्थ्यकर्मीले परामर्श गर्नुहुन्छ । अस्पतालको प्रमुख कन्सल्यन्टचान्ट डा अधिकारीले अस्पतालमा रहेका पाँच जना स्वास्थ्यकर्मीले प्रत्येक शचयामा गई शिशुका आमालाई बैंकमा दूध दान गर्न परामर्श गर्ने गरेको बताउनुभयो । “तपाईंको बच्चाले दूध खाइसक्यो अब बाँकी भएको दूध त्यो अरु दूध नआउने आमाको बच्चालाई खुवाउनु पर्दछ भन्ने सिकाउँछौँ । बच्चाको आमा दूध दान दिन तयार भएपछि मात्र भने दूध सङ्कलन गरिन्छ”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार पहिले पहिले तीन/चार जनाले दूध दान गर्ने गरेकामा अहिले त्यो सङ्ख्या आठसम्म पुगेको छ । उहाँले छ वटा इलेक्टिक मेसिन र १२ वटा हातले दुहेर दूध सङ्कलन गरिन्छ । दूध दिने आमामा कुनै रोग छ कि छैन भनेर परीक्षण गरेपछि मात्रै आमा स्वस्थ्य भएमा दूध दान गर्न सक्छिन् ।

सङ्कलन गरिएको दूध चिह्न लगाई डिपफ्रिजमा भण्डारण गरिन्छ । सङ्कलन गरिएको दूधलाई पुलिङ, त्यसपछि निर्मलीकरण र परीक्षण, फेरि चिह्न लगाई डिपफ्रिजमा राखिन्छ । निर्मलीकरण गरिएको दूध खानायोग्य भएपछि चिकित्सकको परामर्शमा वितरण गरिन्छ ।

# टिकटकमार्फत पनि जुवा...

काठमाडौँ, २९ पुस (रासस)।

काठमाडौँ उपत्यकामा जुवाडेहरूले प्रहरीको आँखा छल्ने उद्देश्यले विभिन्न तरिका अपनाएर जुवा खेल्ने र खेलाउने गरेका छन् ।

यही सिलसिलामा पछिल्लो समयमा भने टिकटक लाइभमार्फत पनि जुवा खेल्ने गरेको पत्ता लागेको छ । टिकटक भनेको मानिसले सामान्य आफ्नो रमाइलोका लागि साना-साना भिडियो तयार पारी हाल्ने एक प्रकारको सामाजिक सञ्जाल हो । रमाइलोका लागि त्यस्ता भिडियो राखिन्छ तर त्यही सामाजिक सञ्जालको दुरुपयोग गरी टिकटक लाइभबाट जुवा खेलाउने गरेको पाइएको छ ।

काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयमा उपत्यकाभित्र केही व्यक्तिले ई-सेवालगायत अन्य डिजिटल वालेटमा विभिन्न व्यक्तिमार्फत रकम जम्मा गराइ लाभ लिने उद्देश्यले टिकटकमार्फत रकमको बाजी राखी जुवा, तास खेलाउने गरेको सूचना आयो । उक्त सूचनाका आधारमा कार्यालयले तत्काल टोली बनाइ ती गतिविधिको निगरानी थाल्यो । प्रहरीको अनुसन्धान टोलीले उपत्यकाको ग्वार्को, सूर्यविनायक, लोकन्थलीलगायत स्थानमा खोजी अभियान चलाउँदा टिकटक लाइभमार्फत जुवा खेल्दै र खेलाउँदै गरेको अवस्थामा चार जनालाई फेला पारिएको कार्यालयका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइराला बताउनुहुन्छ ।

प्रहरीले जुवा खेलेको अवस्थामा दाङ घर भइ ग्वार्को बस्ने ऋषिप्रकाश योगी, भक्तपुरको सूर्यविनायक बस्ने कपिल गिरी, भक्तपुरको थिमि बस्ने प्रेम कठाडत र कैलालीका डिल्लीराज अवस्थीलाई रङ्गेहात फेला पारी पक्राउ गरेर कारबाही थालेको छ । उनीहरूलाई मुलुकी अपराध संहिता २०७४ को दफा १२५ को उपदफा १ बमोजिम जुवा कसुरमा आवश्यक कारबाहीका लागि ललितपुर र भक्तपुरका सम्बन्धित प्रहरीमा बुझाइएको छ ।

पक्राउ परेका मध्ये योगीले पब्जी र पब्जी-२ नामक टिकटक बनाइ दुई ई-सेवा वालेटमा विभिन्न व्यक्तिलाई रकम जम्मा गर्न लगाएर एक महिना १० दिनको अवधिमा जुवा खेलाएर रु २८ लाख ७३ हजार कारोबार गरेको पाइएको छ । यस्तै गिरीले पोकर किङ नामक टिकटक खोली ३ ई-सेवा वालेटमा १० दिनको अवधिमा रु ५३ हजार रकम कारोबार गरेका छन् भने कडायत र अवस्थीले प्रेम नामक टिकटकमार्फत ई-सेवा वालेटमा एक महिना छ दिनको अवधिमा जुवा खेलाएर रु ९३ हजार कारोबार गरेको पाइएको छ ।

चारैजनाको साथबाट टिकटक लाइभ जुवा, तास खेल्न खेलाउन प्रयोग गरेका मोबाइल, विभिन्न व्यक्तिका नाम र रकम उल्लेख भएको रजिष्टर, जुवा खेलाउन प्रयोग भएको ३२ बुक तासलगायत बरामद गरेको प्रहरी उपरीक्षक कोइरालाले जानकारी दिनुभयो ।

## विश्व समाचार

### अमेरिकाद्वारा काबुल आतङ्कवादी हमलाको निन्दा

वाशिङटन, २९ पुस, (रासस-एएनआई) ।

संयुक्त राज्य अमेरिकाले बिहीबार अफगानिस्तानको राजधानी काबुलमा भएको पछिल्लो आक्रमणको कडा शब्दमा निन्दा गरेको छ । सो हमलाको आतङ्कवादी समूह इस्लामिक स्टेट - खोरासान प्रान्तले जिम्मा लिएको छ । “हामी काबुलमा भएको आतङ्कवादी हमलाको कडा शब्दमा निन्दा गर्दछौँ सो हमलाको आइएसद्वारा जिम्मा लिएको पाइएको छ । यो आक्रमण क्रूर समूहको पछिल्लो भयानक उदाहरण हो । अफगानिस्तानका जनतामाथि संवेदनाहीन हिंसा हो,“ अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले पत्रकार सम्मेलनमा बताएका छन् ।

“हामी यस मूर्खतापूर्ण आक्रमणमा मारिएका प्रियजनहरू र परिवारका सदस्यलाई हाम्रो गहिरो समवेदना पठाउँछौँ । हामी आतङ्कको निन्दा गर्दछौँ ।“ उनले भनेका छन् । बुधबार भएको विस्फोटमा कम्तीमा पाँच जनाको मृत्यु हुनाका साथै अन्य थुप्रै घाइते भएको अफगानिस्तानको टोलो न्यूजले जनाएको छ । घटनाको अन्तरराष्ट्रियस्तरमा व्यापक आलोचना भएको छ ।

साथै अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता मिसनले पीडित परिवारप्रति समवेदना व्यक्त गर्दै अफगानिस्तानमा दिगो शान्ति ल्याउन हिंसा कुनै पनि समाधानको हिस्सा नभएको बताएको छ । सो घटनामा ४० जनाभन्दा बढी भएको र घाइतेहरूलाई काबुलको आपतकालीन एनजीओ मानवीय संस्थाद्वारा सञ्चालित सर्जिकल सेन्टरमा ल्याइएको छ । अफगानिस्तानमा आपतकालीन निर्देशकले मृत्यु हुनेको सङ्ख्या बढ्दै जान सक्ने बताएका छन् ।“मृतकको सङ्ख्या अझै बढिरहेको छ,“ उनले भने । “यो सन् २०२३ मा पहिलो सामूहिक हताहती हो ।

### कानुनी शासनको पालना गर्न संयुक्त राष्ट्रसङ्घीय महासचिव गुटरेसको आग्रह

संयुक्त राष्ट्रसङ्घ, २९ पुस (रासस/सिन्ह्वा) ।

संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरुलाई कानुनी शासनको पालना गर्न आग्रह गर्नुभएको छ । उहाँले भन्नुभएको छ- “म सबैभन्दा पहिला के कुरामा विश्वका संयुक्त राष्ट्रसङ्घका सदस्य देशहरुलाई आग्रह गर्दछु भने हामी सबैले संयुक्त राष्ट्रसङ्घको मूल्य मान्यता र यसको बडापत्रको सम्मान गर्नुपर्दछ र मलाई लाग्छ सबैले कानुनी शासनको पालनामा ध्यान दिनुपर्दछ ।” संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदको बैठकलाई बिहीबार सम्बोधन गर्दै उहाँले सो कुरा बताउनुभएको हो ।

उहाँले त्यस बैठकमा विश्वका सबै देशले आजको अवस्थामा संयुक्त राष्ट्रसङ्घको मूल्य मान्यतामा जोड दिँदै यसको महत्वका लागि कानुनी शासनको पालना गर्न र यसको बडापत्रमा ध्यान दिन आग्रह गर्नुभएको बताइएको छ । उहाँले विश्वमा शान्तिको स्थापना गर्न तथा अन्तर्राष्ट्रिय कानुनको पालना र यसको प्रवर्द्धनका लागि विश्वका देशहरुले संयुक्त राष्ट्रसङ्घको बडापत्र र यसका मूल्य मान्यताको सम्मान र प्रवर्द्धनमा जोड दिनुभएको पनि सो समाचारमा जनाइएको छ ।

विश्वमा शान्ति स्थापना गर्न तथा विश्वका नागरिकमा आत्मसम्मानको विकास गर्नका लागि पनि कानुनी शासनको पालना र यसको सम्मान अहिले निकै नै जरुरी रहेको उहाँको भनाइ थियो । विश्वमा दिन प्रतिदिन हिंसा बढ्दै गएको छ र अहिले विश्वमा विभिन्न नयाँ स्वरुपमा नागरिकहरुप्रति हत्या हिंसा बढ्दै गएको छ भन्दै यो सबै अवस्थाको अन्त्यका लागि कानुनी शासनको पालना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले भन्नुभयो- “विश्वका विभिन्न देशमा हत्या हिंसा बढ्दै गएको छ । विभिन्न स्वरुपका हिंसात्मक गतिविधि बढिरहेका छन् भन्दै यसका लागि सबैले कानुनको पालना र दोषीमाथि कानुनी शासन अनुरुप कारबाही हुनु जरुरी छ ।”

### सशस्त्र समूहद्वारा २७ सर्वसाधारणको हत्या

संयुक्त राष्ट्रसङ्घ, २९ पुस (रासस/सिन्ह्वा) ।

सशस्त्र समूहले कङ्गोमा यस हप्तामात्र कम्तीमा पनि २७ जना सर्वसाधारणको हत्या गरेको छ । कङ्गोको इतुरी प्रान्तमा उनीहरुको हत्या गरेको हो । सो समूहले यस हप्तामात्र २७ जनाको ज्यान लिएको र अरु केही सर्वसाधारण नागरिक घाइते बनाएको संयुक्त राष्ट्रसङ्घले जानकारी दिएको छ । संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटरेसका प्रवक्ता स्टेफान डुजारिकले दिएको जानकारीअनुसार यस हप्ता यहाँको इतुरी प्रान्त र अर्को डिजुगु प्रान्तमा हिंसा फैलिएको छ । यहाँको विद्रोही समूह सोडेकोले पछिल्ला केही दिनयता हत्या हिंसाको शृङ्खला बढाएको कङ्गोमा रहेको संयुक्त राष्ट्रसङ्घीय मिसनले जानकारी दिएको छ । कङ्गोमा संयुक्त राष्ट्रसङ्घका शान्ति सेना रहेका छन् । शान्ति मिसनमा रहेका शान्ति सेनामाथि पनि यहाँको सोडेको समूहका हतियारधारीले हमला गर्ने गरेका छन् । सो हमलामा परेर यहाँ कार्यरत शान्ति सैनिक पनि मारिने गरेका छन् ।पछिल्लो समयमा शान्ति सेनाले यहाँका कतिपय हिंसाग्रस्त क्षेत्रमा तैनाथ पनि बढाएको छ । यसक्रममा उनीहरुले यहाँका सर्वसाधारणलाई सुरक्षा दिने र उनीहरु विस्थापित हुनुपर्ने अवस्था आएमा त्यस्तो हुनबाट रोक्ने काम गरिरहेका बताइएको छ ।

## माओवादी संसदीय दलको नेतामा साह निर्वाचित

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ पुस ।**

नेकपा (माओवादी केन्द्र) मधेस प्रदेश संसदीय दलको नेतामा भरतप्रसाद साह निर्वाचित भएका छन् ।

शुक्रबार बिहान भएको निर्वाचनमा उनले अर्का उम्मेदवार युवराज भट्टराईलाई पराजित गरेका हुन् ।

सहमतिका लागि अधिकतम प्रयास भए पनि अन्ततः निर्वाचित गर्नु परेकामा साहले चार र भट्टराईले तीन मत प्राप्त गरेका थिए । माओवादी केन्द्रबाट मधेस प्रदेशसभामा नौजना सदस्य रहे पनि दुई निलम्बनमा छन् ।

## भुसाल नेकपा (एकीकृत समाजवादी)मा प्रवेश

काठमाडौं, २९ पुस (रासस) ।

नेकपा एमालेका पूर्व-उपमहासचिव एवं वामपन्थी नेता घनश्याम भुसाल शुक्रबार नेकपा (एकीकृत समाजवादी पार्टी) मा प्रवेश गर्नुभएको छ ।

नयाँ बानेश्वरस्थित अर्याल होटलमा पत्रकार सम्मेलन गर्दै भुसालले नेकपा (एकीकृत समाजवादी)मा प्रवेश गर्नुभएको हो ।

गएको मङ्सिर ४ मा सम्पन्न निर्वाचनमा एमालेबाट टिकट नपाएपछि उहाँले एमाले छाडेर रुपन्देहीबाट स्वतन्त्र उम्मेदवारी दिनुभएको थियो । एकीकृत समाजवादीले भुसाललाई सचिवालय सदस्यमा मनोनयन गर्ने तयारी गरेको छ । भुसालले एकीकृत समाजवादी पार्टीमा रहेर ठूला पार्टीलाई एक बनाउन पहल गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

## निक्षेपको ब्याजदर घटाउने सहमति सकारात्मक

काठमाडौं, २९ पुस (रासस) ।

नेपाल उद्योग परिसङ्घले निक्षेपको ब्याजदर घटाउने बैंकर्स एशोसिएशनको सहमति सकारात्मक भएको जनाएको छ ।

परिसङ्घले बिहीबार विज्ञप्ति जारी गरी अर्थतन्त्रमा लगानीयोग्य पुँजीको अभाव, निस्क्रिय कर्जामा भइरहेको तीव्र वृद्धि, उच्च ब्याजदरलगायत कारणले निजी क्षेत्रको मनोबल खस्किएको बेलामा निक्षेपको ब्याजदर घटाउने नेपाल बैंकर्स एसोसिएशनको सहमति सकारात्मक भएको जनाएको हो । मागमा आएको सङ्कुचन, उच्च ब्याजदरका कारण लगानी महँगो हुँदा नयाँ लगानीका योजना स्थगन भइरहेको अवस्थामा उक्त सहमति हुनु खुसीको कुरा भएको परिसङ्घले उल्लेख गरेको छ ।

"परिसङ्घले निजी क्षेत्रको खस्किएको मनोबल उकास्न, अर्थतन्त्रलाई गति प्रदान गर्न ब्याजदर घटाउनुपर्ने जोड दिँदै आएको छ, उक्त निर्णय चुनौतीपूर्ण अवस्थामा रहेको अर्थतन्त्रलाई पुनः लयमा फर्काउन सहयोगी हुने हाम्रो विश्वास छ", विज्ञप्तिमा उल्लेख छ ।

कर्जाको ब्याजदर घट्दा उद्योग व्यवसायमा लगानी विस्तार हुने र उद्योगी व्यवसायीको खस्किएको मनोबल उकास्न सहयोगी हुने परिसङ्घले विश्वास लिएको छ । ब्याजदर घटेपछि लगानीकर्ताले आफ्नो लगानी विस्तारको योजनालाई फेरि अगाडि बढाउने र समग्र मागमा वृद्धि आउने हुँदा अर्थतन्त्र चलायमान हुने परिसङ्घले जनाएको छ । मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत थप तरलता प्रवाह बढाउने, उद्योग क्षेत्रमा जाने कर्जामा आधार दरमा दुई प्रतिशतभन्दा अधिक प्रिमियम जोड्न नपाउने गरी नीतिगत सुधार गर्न नेपाल राष्ट्र बैंकसमक्ष परिसङ्घले आग्रहसमेत गरेको छ ।

## विदेशमा गरिने लगानीमा राष्ट्र बैंकको थप कडाइ

काठमाडौँ, २९ पुस (रासस) ।

नेपाल राष्ट्र बैंकले विदेशमा पैसा लैजानका लागि थप कडाइ गरेको छ । केन्द्रीय बैंकले शुक्रबार एक सूचनामार्फत् विदेशमा कानुनले तोकेबाहेक कुनै पनि प्रकारको लगानी नगर्न आग्रह गरेको छ ।

पछिल्ला दिनमा नेपाली नागरिकले विदेशका विभिन्न क्षेत्रमा लगानी गरिरहेको भन्ने आसयका समाचार एवं विवरण सार्वजनिक भएपछि सूचनामार्फत् विदेशमा पैसा नलैजान सेचत गराएको हो । विदेशमा घर जग्गा खरिद, धितोपत्र खरिद, सम्पत्ति खरिद विदेशी बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मालगायतका पुँजीगत प्रकृतिका कारोबार नगर्न सचेत गराएको छ ।

बैंकले त्यससम्बन्धी प्रचारप्रसार नगर्नसमेत आग्रह गरेको छ । केन्द्रीय बैंकले तोकिदिएको व्यवस्था बमोजिमबाहेक विदेशमा भुक्तानी हुनेसम्बन्धी कार्य नगर्न नगराउन ध्यानाकर्षण गराएको छ । त्यस्तो कार्य गर्ने गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारवाही गर्ने राष्ट्र बैंकको सूचनामा उल्लेख छ ।

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यस्तो सूचना प्रकाशित गरिएको हो ।

## बालिका तथा समावेश शिक्षा कार्यदल गठन



**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका उपाध्यक्ष फुल कुमारी साहको संयोजकत्वमा शुक्रबार बालिका तथा समावेशी शिक्षा संजाल गठन गरिएको छ ।

आसमान नेपालको सहयोगमा आरम्भ परियोजना अन्तर्गत गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल संरक्षक रहने गरी सो समिति गठन गरिएको हो ।

सो समितिमा प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, बाल क्लब सञ्जालको अध्यक्ष तथा उपाध्यक्ष, सामुदायिक विद्यालयका प्रधानाध्यापक, नेपाल प्रहरीको प्रतिनिधि सहितको प्रतिनिधित्व रहने गरी सो समिति गठन गरिएको हो ।

यसै गरी सञ्जालको दैनिक कार्य सम्पादनको लागि उपाध्यक्ष फुल कुमारी साहको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र कुमार यादव, स्वास्थ्य शाखा प्रमुख भूपेन्द्र झा, शिक्षा शाखा प्रमुख चन्द्र भुषण राय, प्रधानाध्यापक प्रदिप कुमार मण्डल, शिक्षा शाखा सहायक ज्ञानेन्द्र कुमार यादव र लैंगिक सम्पर्क शिक्षक नुतन कुमारी दास सदस्य रहने गरी सात सदस्यीय कार्यदल समेत गठन गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा उपाध्यक्ष फुलकुमारी साहले मन्तव्य दिएका थिए भने कार्यक्रममा गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले बालिका तथा समावेशी शिक्षा सम्बन्धी प्रस्तुतीकरण गरेका थिए ।

## मेयर कपमा एपीएफ दोश्रो चरणमा

**दैनिक समाचारदाता**
**राजविराज, २९ पुस ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित चौथो मेयरकप २०७९ फुटबल प्रतियोगितामा एपीएफ २ नम्बर वाहिनी बर्दिबास महोतरी दोश्रो चरणमा प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न खेलमा मनिथम फुटबल क्लब उदयपुरलाई ट्राब्रेकरमा तीनका बिरुद्व चार गोल अन्तरले पराजित गर्दै एपीएफले विजयी सुरुवात गरेको हो । निर्धारित समयमा दुवै टीमबाट गोल हुन नसकेपछि ट्राईब्रेकरबाट खेलको निर्णय लिईएको थियो ।

प्रतियोगिता अन्तर्गत शनिवार दोश्रो चरणको खेलमा नमो बुध्द फुटबल क्लब मझौं सप्तरी र गोलबजार स्पोर्टस क्लब गोलजार सिरहाबीच हुने संयासी युवा क्लबका सचिव श्रवण कुमार चौधरीले जानकारी दिए ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीया द्वारा सञ्चालित प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुरका विभिन्न १२ क्लबको सहभागिता रहेको छ । प्रतियोगिता माघ ६ गतेसम्म चल्ने प्रतियोगिताका बिजेताले नगद ५५ हजार तथा ट्रफि र उपविजेताले नगद ४५ हजार प्राप्त गर्नेछ ।

### मधेस प्रदेशका ...

गरेमा उनलाई ७२ सांसदको समर्थन हुनेछ ।

शपथग्रहण समारोहमा जनता समाजवादी पार्टी (जसपा) केन्द्रीय अध्यक्ष उपेन्द्र यादव, जसपा प्रतिनिधिसभा संसदीय दलका नेता रामसहायप्रसाद यादव, नेकपा (माओवादी केन्द्र) का महासचिव देव गुरुङलगायत नेता तथा सरकारी अधिकारीको उपस्थिति रहेको थियो ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।
- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं ।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं ।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं ।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं ।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं ।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं ।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*